**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २२ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. पश्चिम बंगालका मुख्यमन्त्री सुवेन्दु अधिकारीले दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसित उहाँको आवासमा भेट गर्नुभयो।

२. पश्चिम बंगाल सरकारले राज्य प्रशासनमा ठूलो फेरबदल गर्दै 17 जना भारतीय प्रशासनिक सेवा आईएएस अधिकारीहरूको सरुवा गरेको छ।

३. सरकारी निर्देश अनुसार आजदेखि खरसाङ नगरपालिकाको प्रशासनिक अभिभारा खरसाङ महकुमा अधिकारीले लिनु भएको छ|

४. खरसाङको रोहिणी रोडलाई पिडब्लुडी विभागलाई हस्तान्तरण गरियोस् भनी जीटीए प्रमुख अनित थापाले माग गर्नु भएको छ।

५. माउंट एवरेस्टबाट उत्रने क्रममा दुइ भारतीय पर्वतारोहिहरु- अरुण कुमार तिवारी अनि संदीप अरेको मृत्यु भएको छ।

**मुख्यमन्त्री सुवेन्दु अधिकारी - दिल्ली**

पश्चिम बंगालका मुख्यमन्त्री सुवेन्दु अधिकारीले दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसित उहाँको आवासमा भेट गर्नुभयो। यो भेट राज्यको आगामी मन्त्रिमंडल विस्तार अनि राजनीतिक स्थितिमा चर्चाका लागि खुबै महत्वपूर्ण मानिएको छ। यो भेट अवधि दुइ नेताहरुबीच राज्यको कैबिनेट विस्तारलाई लिएर अन्तिम मोहर लगाउनेमा चर्चा भयो| मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुसँग भेट गर्नुभयो। श्री अधिकारीले रक्षामन्त्री राजनाथ सिंहसँग पनि भेट गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री सिंहले पश्चिम बंगालका मुख्यमन्त्री समृद्ध राजनीतिक र विधायिकी अनुभव भएको व्यक्ति भएको बताए। उनले विश्वास व्यक्त गरे कि श्री अधिकारीले पश्चिम बंगाललाई अझ उच्च उचाइमा पुऱ्याउन काम गर्नुहुनेछ।

**आईएएस अधिकारीहरूको सरुवा**

पश्चिम बंगाल सरकारले राज्य प्रशासनमा ठूलो फेरबदल गर्दै 17 जना भारतीय प्रशासनिक सेवा आईएएस अधिकारीहरूको सरुवा गरेको छ। राज्यको कार्मिक एवं प्रशासनिक सुधार विभागले आज जारी गरेको अधिसूचनामा विभिन्न जिल्लाहरूमा विभागीय सचिवहरू, नगर निगम आयुक्तहरू र विभिन्न जिल्लाहरूका अतिरिक्त जिल्ला शासकहरूको सरुवाको विस्तृत विवरण दिइएको छ। आदेश अनुसार 2010 ब्याचका आईएएस अधिकारी सुजयो सरकारलाई बिधाननगर नगर निगमको आयुक्त पदबाट हटाएर राज्य वस्त्र एवं रेशम विभागको आयुक्त र राज्य सञ्चालित तन्तुजाको प्रबन्ध निदेशक पदमा नियुक्त गरिएको छ। उहाँको स्थानमा 2017 ब्याचका आईएएस अधिकारी रवि अग्रवाललाई बिधाननगर नगर निगमको नयाँ आयुक्त पदमा नियुक्त गरिएको छ। नेताजी सुभाष प्रशासनिक प्रशिक्षण संस्थानमा सह-प्राध्यापक रहेका 2014 ब्याचका आईएएस अधिकारी हिन्दोल दत्तलाई आसनसोल नगर निगमको नयाँ आयुक्त नियुक्त गरिएको छ। कोलकाता महानगर विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकारी नितिन सिंघानीलाई गृह तथा पर्वतीय मामिला विभागमा वरिष्ठ विशेष सचिवको रूपमा नियुक्त गरिएको छ। उहाँलाई सेन्टर अफ एक्सीलेन्स इन पब्लिक मेनेजमेन्टको सदस्य सचिव र सत्येन्द्रनाथ टैगोर नागरिक सेवा अध्ययन केन्द्रको पाठ्यक्रम निदेशकको अतिरिक्त कार्यभार पनि दिइएको छ। मालदाका अतिरिक्त जिल्ला शासक शेख अन्सार अहमदलाई पश्चिम मिदनापुरमा सरुवा गरिएको छ। 2013 ब्याचका आईएएस अधिकारी रजत नन्दलाई कार्मिक एवं

प्रशासनिक सुधार विभागमा हालको जिम्मेवारीका अतिरिक्त क्याबिनेट सचिवालयको संयुक्त सचिव र सूचना एवं संस्कृति विभागको निदेशकको अतिरिक्त कार्यभार दिइएको छ।

**राजा राममोहन - ममता ब्यानर्जी**

बङ्गालको पुनर्जागरणका पथप्रदर्शक राजा राममोहन रायलाई उनको जयन्तीमा तृणमूल कङ्ग्रेसकी प्रमुख ममता ब्यानर्जीले श्रद्धाञ्जली अर्पण गर्नु भएको छ। उहाँले आफ्नो सोशल मीडियामा लेख्नु भएको छ, "प्रसिद्ध समाज सुधारक राजा राममोहन रायलाई उनको जयन्तीमा कोटी-कोटी नमन।" उल्लेखनीय छ, राजा राममोहन रायको जन्म 1772 सालमा आजकै दिन हुगली जिल्लाको राधा नगर गाउँमा भएको थियो। राजा राम मोहन राय मूर्ति पूजा औ रूढ़िवादी हिन्दू परम्पराहरूको विरोधी थिए। उनी सबै प्रकारका सामाजिक धर्मोन्धता तथा अन्धविश्वासको विरोधी पनि थिए। तर उनका पिता रूढ़िवादी हिन्दू ब्राह्मण थिए। राजा राम मोहन रायले शिक्षा विशेष गरी स्त्री-शिक्षाको समर्थन गरे। उनले अङ्ग्रेजी, विज्ञान, पश्चिमी चिकित्सा एवं प्रौद्योगिकीको अध्ययनमाथि बल दिए। उनको मान्यता थियो, अङ्ग्रेजी शिक्षा पारम्परिक शिक्षा प्रणालीभन्दा श्रेष्ठ हो। उनले 1822 सालमा अङ्ग्रेसी शिक्षामाथि आधारित स्कूलको स्थापना पनि गरेका थिए।

**अवैध निर्माणको विरोधमा कारबाही**

पश्चिम बर्दवान जिल्लाको बर्नपुरमा गए शुक्रवार अवैध निर्माणको विरोधमा व्यापक कारबाही गर्दै सेल आईएसपीको नगर सेवा विभागको एस्टेट विभाग प्रबन्धनले तृणमूल कङ्ग्रेसका दुईवटा पार्टी कार्यालयहरूलाई बुलडोजर चलाएर ध्वस्त बनाइदियो। जानकारी अनुसार एउटा कार्यालय बाटा रोड र दोस्रो मस्जिद रोड क्षेत्रमा अवस्थित थियो। अधिकारीहरूले बताए अनुसार कारबाही गर्नअघि सम्बन्धित पक्षलाई नोटिस जारी गरिएको थियो साथै यस निर्माणलाई हटाउनको लागि पर्याप्त समय पनि दिइएको थियो। यतिका दिनसम्म यी अवैध निर्माणहरूलाई नहटाइएको कारणले प्रशासनले निर्धारित प्रक्रिया अन्तर्गत बुलडोजर चलाएर दुवै ढाँचालाई भत्काइदियो। प्रबन्धनको पक्षबाट भनियो, सम्पूर्ण कारबाही कानूनको घेराभित्र बसेरै गरिएको हो। यस घटनापछि क्षेत्रमा राजनीतिक चर्चा तीव्र भएको छ| किनभने मामिला तृणमूल कङ्ग्रेससित जोड़िएको छ।

**खरसाङ नगरपालिकाको प्रशासनिक अभिभारा**

सरकारी निर्देश अनुसार आजदेखि खरसाङ नगरपालिकाको प्रशासनिक अभिभारा खरसाङ महकुमा अधिकारीले लिनु भएको छ| खरसाङ नगरपालिकाको आजसम्मको आय व्यायको फाटवारी पनि पुर्व अध्यक्ष व्रिगेन गुरुङले प्रशासनिक पक्षबाट हस्ताक्षर गरेर महकुमा शासकलाई सुम्पनु भएको छ।पहाडको तीनवटा नगरपालिका कालेबुङ, मिरिक र खरसाङमा २०२२ सालमा पश्चिम बङ्गालका राज्यपालद्धारा हस्ताक्षरित सरकारी निर्देश अनुसार विगतका अध्यक्ष-उपाध्यक्षहरूलाई नै प्रशासनिक अभिभारा द-एर राखिएको थियो भने वर्तमान पश्चिम बङ्गाल विधानसभाको चुनावपछि सरकार परिवर्तन भयो|

**अनित थापा - रोहिणी टोल ट्याक्स**

खरसाङको रोहिणी टोल ट्याक्स नउठाउने सरकारी प्रक्रिया सुरु भएको र रोहिणी रोड पिडब्लुडी विभागलाई हस्तान्तरण गरियोस् भनी जीटीए प्रमुख अनित थापाले माग गर्नु भएको छ। उहाँले आज एउटा भिडियो जारी गर्नु हुँदै यस विषयमा भन्नु भयो, बङ्गालमा अहिले बीजेपीको सरकार छ। सांसद राजु बिष्ट बोल्नु भनेको बीजेपीको सरकार बोलेको जस्तै हो। जीटीए राज्यको कानुनले बनिएको व्यवस्था हो। हामीले राज्यले भनेको कुराको सम्मान गर्नु नै पर्छ। सांसद राजु बिष्टले राम्रोको लागि नै टोल ट्याक्स नउठाउनु भनेका हुन्। रोहिणी गेटको टोल उठाउने कार्य सरकारी प्रक्रियाद्वारा नै भएको थियो। जीटीएको पर्यटन विभागलाई जसले टोल ट्याक्सको कार्यलाई पनि हेर्ने गर्छ, मैले टोल ट्याक्सको टेन्डर जसले पाएको थियो उसलाई 1 जूनदेखि टोल ट्याक्स हटाउने सरकारी नोटिस पठाउने निर्देश दिएको छु।'श्री अनित थापाले अघि भन्नु भयो, २०११ देखि नै जीटीएले रोहिणीको बाटोमा टोलट्याक्स उठाउने गरेको थियो। जीटीएमा राज्य सरकारबाट थोरै बजेट आउँछ र ठूलाठूला सडकहरूको मर्मति गर्ने जीटीएको राज्य कोषबाट आउने रकमले पुग्दैन तसर्थ रोहिणीमा पनि टोल ट्याक्स उठाउन निरन्तरता दिइएको थियो। मेरो समयमा पनि रोहिणीको बाटोलाई म्यास्टिक लगाइएको थियो। सडक जीटीएको सब्जेक्ट हुनको कारणले गर्दा मैले पनि रोहिणीको सडकलाई मर्मति गर्न साथै सडकको स्वास्थ गुणस्तर राख्न टोल ट्याक्स उठाउने प्रक्रियालाई निरन्तरता

दिए।'उहाँले रोहिणी रोड विषयमा अझ भन्नु भयो, एक जूनदेखि रोहिणी टोल गेटमा ट्याक्स उठाउन बन्द हुनेछ। म सांसद राजु बिष्ट अनि बङ्गाल सरकारलाई अपिल गर्छु कि जीटीएमा त्यसै पनि ४०० करोड जति राज्यबाट पाउनु बाँकी नै छ र अहिलेको जीटीएको बजेटले सडक मर्मति गर्न पर्ने रकम यथेष्ठ नहुन सक्छ।

**नेपाल-भारतीय पर्वतारोहि मौत**

माउंट एवरेस्टबाट उत्रने क्रममा दुइ भारतीय पर्वतारोहिहरु- अरुण कुमार तिवारी अनि संदीप अरेको मृत्यु भएको छ। नेपाल पर्यटन विभागले बताए अनुसार यी पर्वतारोही बिश्वको सबैभन्दा अग्लो पर्वत शिखरमाथि विजय प्राप्त गरेपछि तल उत्रने समय बीमार भएका थिए| उनीहरुलाई बचाउन हर संभव प्रयास गरिए पनि सफल हुन् सकेन। यो सीजन एवरेस्टमा यो चौथो मृत्यु हो। यस अघि तीन नेपाली पर्वतारोही अनि गाइडको मृत्यु भइसकेको छ ।

**अजय एडवर्ड्सको निधनमा समवेदना**

ईण्डियन गोर्खा जनशक्ति फ्रण्टको केन्द्रीय संयोजक अजय एडवर्ड्स मातृशोकमा पर्नु भएको छ। उहाँकी आमा सिसिलिया एडवर्ड्सको हिजो साँझ निधन भएको छ। उहाँ गत केही समयदेखि बिमारी अवस्थामा थिइन् भने सिलगढीमा उपचाराधीन अवस्थामा रहेकी थिइन्। उहाँको निधनमा जीटीए प्रमुख कार्यपाल अनित थापाले इन्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवर्ड्सको निजी बासस्थान पुगेर एडवर्ड्सकी आमाको निधनप्रति शोक समवेदना व्यक्त गर्दै अजय एडवर्डसँग यस दुःखको घडीमा साथमा रहेको र समवेदना प्रकटगर्नु भएको छ। त्यसरी नै गोर्खा जनमुक्ति मोर्चा अध्यक्ष बिमल गुरुङले इन्डियन गोर्खा जनशक्ति फ्रन्टका प्रमुख संयोजक अजय एडवार्डको आमाको निधनमा उहाँको बासस्थानमा पुगेर गहिरो शोक समवेदना प्रकट गर्नु भएको छ।

**बिमल गुरुङ मिरिक आउने**

गोर्खा जनमुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष बिमल गुरुङ 27 मईको दिन मिरिक आउनु हुने भएको छ। विधानसभा चुनावमा भाजपासित गठबन्धनमा रहेको दल गोजमुमोले चुनाव परिणामपछि संगठन विस्तारलाई बिशेष प्राथमिकता दिदै आएको छ। उक्त दिन मिरिकको व्यवसायी भवनमा एक सभाको आयोजन गरिनेछ, जसलाई मोर्चा अध्यक्षले सम्बोधन गर्ने भनिएको छ। आज मिरिकको पार्टी कार्यलयमा एक प्रेस भेलाको आयोजन गर्दै गोर्खा जनमुक्ति युवा मोर्चाका संयोजक योगेश गोलेले श्री गुरुङको आगमनबारे जानकारी दिनु भएको छ। उहाँले गत बिधानसभामा भाजपा उम्मेदवार सोनाम लामालाई बिपुल मतदान गरी बिजयी बनाएकोमा मोर्चा अध्यक्षले मतदाताहरुप्रति कृतज्ञता प्रकट गर्नु हुनेछ। यसका साथै पार्टीको आगामी रणनीतिबारे पनि चर्चा हुन सक्ने बताइएको छ।

**मौसम - बंगाल**

पश्चिम बङ्गालमा मई महिनाको प्रचण्ड गर्मीबाट मानिसहरू हैरान भएका छन्। राजधानी कोलकाता समेत दक्षिण बङ्गालका केही भागहरूमा आद्रता अनि चर्को घामले गर्दा जनजीवन प्रभावित भइरहेको छ। यस स्थितिमा मानिसहरूले वर्षाको प्रतीक्षा गरिरहेका छन्। तर मौसम विभागले हाल कोलकाताले राहत पाउने सम्भावना नरहेको बताएको छ। अलिपुर मौसम विभाग अनुसार कोलकातामा अहिलेघरि हुन्डरी वा व्यापक वर्षा हुने सम्भावना छैन। बीच-बीचमा एक-दुई वटा स्थानमा सामान्य वर्षा भए पनि यसबाट तापमान ह्वात्तै घट्ने आशा छैन। यद्यपि दक्षिण बङ्गालका केही जिल्लाहरूमा शुक्रवारदेखि मेघ-गर्जनसितै वर्षा हुने सम्भावना व्यक्त गरिएको छ। पश्चिम मेदिनीपुर, झाड़ग्राम, पुरुलिया, बाँकुड़ा, पूर्व बर्धमान, पश्चिम बर्धमान, बीरभूम, मुर्शिदाबाद अनि नदियामा वर्षासितै हुरी-बतास आउने चेताउनी जारी गरिएको छ। मौसम विभागले बताए अनुसार उत्तर बङ्गालमा घनाभन्दा घना वर्षाको सिलसिला यथावत रहने अनुमान छ। यहाँ आगामी केही दिनसम्म लगातार पानी पर्नको लागि अनुकूल वातावरण सृजना भएको छ।

मौसम वैज्ञानिकहरू अनुसार उत्तर प्रदेशदेखि मणिपुरसम्म एक पूर्व-पश्चिम अक्षरेखा विकसित भएको छ जुन बिहार, गङ्गा तटीय पश्चिम बङ्गालका उत्तरी भाग अनि उत्तर बङ्गलादेश भएर गुज्रिरहेको छ। गङ्गा तटीय पश्चिम बङ्गाल अनि

बङ्गलादेशदेखि माथि विकसित चक्रवाती परिसञ्चरण अब दक्षिण बङ्गलादेशतर्फ गइरहेको छ। यसको प्रभावले बङ्गालको खाड़ीबाट प्रचुर मात्रामा जलवाष्प स्थलीय क्षेत्रमा प्रवेश गरिरहेको छ। यसैकारण उत्तर बङ्गाल र दक्षिण बङ्गालका केही भागहरूमा वर्षा अनि हुन्डरीको निम्ति अनुकूल परिस्थिति सृजित भएको छ।

**अज्ञात युवकको नाङ्गो शव**

आज बिहान सिलगढीको नौकाघाट क्षेत्रको महानन्दा पुल नजिकै झाड़ीमा एक अज्ञात युवकको नाङ्गो शव भेटिएपछि क्षेत्रमा खैलाबैला मच्चियो। स्थानीयहरूले शव देखे र पुलिसलाई खबर गरेपछि एनजेपी थाना पुलिस घटनास्थलमा पुग्यो। पुलिसले शवलाई आफ्नो कब्जामा लिएर पोस्टमार्टमको लागि उत्तर बंगाल मेडिकल कलेज तथा अस्पताल पठाएको छ। मृतक युवकको अझै पहिचान हुन सकेको छैन। स्थानीयवासीहरूले उक्त युवकलाई पहिले कहिल्यै पनि उक्त क्षेत्रमा नदेखेको बताएका छन्, जसले गर्दा उनी बाहिरबाट आएको हुनसक्ने आशंका गरिएको छ। प्रारम्भिक पुलिस अनुसन्धानमा युवकको शरीरमा कुनै स्पष्ट चोटपटकको निशान देखिएको छैन। यद्यपि, नाङ्गो शव भेटिएपछि घटना शंकास्पद बनेको छ।

**सुन्तला कृषकहरु हरुलाई लिएर जागरुकता कार्यक्रम**

मिरिक महकुमा क्षेत्रका सुन्तला कृषकहरु तथा सरोकारीहरुलाई लिएर आज मिरिकस्थित भुतपुर्व सैनिक भवनमा एक जागरुकता कार्यक्रम सम्पन्न भयो। दार्जीलिङ अरेन्ज फार्मर्स प्रोडयुसर्स अर्गनाइजेसन एवं अर्ग्यानिक फार्मर्स प्रोडयुसर्स कम्पनी लिमिटेडको आयोजनामा सम्पन्न कार्यक्रममा विगत वर्ष दार्जीलिङमा उत्पादित मन्दारिन सुन्तलाले जिआई ( भौगोलिक संकेत ) को मान्यता पाएकोमा वक्ताहरुले खुशी व्यक्त गर्दै कार्यक्रममा बिशेषगरि सुन्तला कृषकहरुको लागि सुन्तला उत्पादन गरेर बेच्नको लागी चाहिने अथोराइज्ड युजर्सको पञ्जिकरण गर्न अनिवार्य रहेको जानकारी प्रदान गरियो। कार्यक्रमलाई सम्बोधन गर्दै डा. तुलसी शरण घिमिरे र विशेषज्ञ याङडुप लामाले दार्जिलिङ पहाडको सुन्तलाले भौगोलिक संकेतको प्रमाणपत्र पाई सके पछि कृषकहरु अब गम्भीरतापुर्वक लागि पर्नु पर्ने आग्रह गर्नु भयो। दार्जीलिङ अरेन्ज फार्मर्स प्रोडयुसर्स अर्गनाइजेसनका चेयरमेन मनोज सुब्बा अनि मिरिक पञ्चायत समितिका चेयरमेन कैलाश खवासले मिरिकको इतिहासमा सुन्तलाले भौगोलिक संकेतको प्रमाणपत्र प्राप्त गर्नु एतिहासिक कार्य भएको र यसको निम्ति आफ्नो पक्षबाट हुने कार्यलाई सक्रियताका साथ अधि बडाईने बिचार व्यक्त गर्नु भ

**भागोप्रमो पञ्चायत बोर्डको सभा**

खरसाङ खण्ड अन्तर्गत घैयाबारी ग्राम पञ्चायत दुई र घैयाबारी ग्राम पञ्चायत तीनका भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको पञ्चायत प्रधान, उप प्रधान र पञ्चायत सदस्य सदस्याहरु र पञ्चायत समिति सदस्य सदस्याहरुलाई लिएर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको सभा सम्पन्न भएको छ। उक्त सभा घैयाबारी ग्राम पञ्चायत दुईको चुनभट्टीस्थित सार्वजनिक भवनमा सम्पन्न भएको छ।

**********